# A COLLEGE OF ACUPUNCTURE, ACUPRESSURE & MOXIBUSTION

(Affiliated to CTEVT, PCL Programme)

ONE & ONLY COLLEGE OF ACUPUNCTURE IN NEPAL



## P r o s p e c t u s

ग्रामीण स्वास्थ्य शिक्षा तथा सेवा केन्द्र

**RURAL HEALTH EDUCATION AND SERVICE CENTER (RHESC)**

Gokarna, Dakshindhoka, Gokarneshwor Municipality-7, Kathmandu, Nepal

## अध्यक्षको कलमबाट



बालप्रसाद शाही
अध्यक्ष
ग्रामीण स्वास्थ्य शिक्षा तथा सेवा केन्द्र (RHESC)

अकुपञ्चर स्वास्थ्य उपचार विधिबारे विगत ३५ वर्ष देखि नजिकबाट हेर्ने अवसर मैले पाएँ। नेपालमा स्वयंसेविका भई स्वास्थ्य क्षेत्रमा सेवा दिने उद्देश्य लिई सन् १९८३ मा आरामदायी चिकित्सा विद्, अकुपञ्चरिष्ट एवं नर्सिङ्ग क्याम्पस जापानका पूर्व क्याम्पस प्रमुख सुश्री मासाको यामानेज्यूको जापानबाट नेपाल आगमन भयो त्यहि बेलादेखि यो विधि बारे म परिचित छु।

विशेषतः अनुपञ्चर स्वास्थ्य उपचार विधि नेपाल भित्रिएको धेरै वर्ष भयो। तर पनि यो उपचार विधि के हो ? र यसबाट के-के रोगको उपचार हुनसक्छ भन्ने ज्ञान कमैलाई मात्र भएको कुराको महसुस गरी जनस्तरमा यस सम्बन्धी जानकारी दिन आकारमा सानै भए पनि यो पुस्तिका प्रकाशित गरिको छ। यो पुस्तिका आकारका हिसाबले निकै सानो छ तर यस भित्र अकुपञ्चर स्वास्थ्य उपचार पद्तिका बारेमा अमूल्य ज्ञान रहेको छ। साथै नेपालमा अकुपञ्चर स्वास्थ्य विज्ञानमा दक्ष जनशक्तिको विकास गर्ने उद्देश्य लिई ग्रामीण स्वास्थ्य शिक्षा तथा सेवा केन्द्र RHESC ले प्राविधिक शिक्षा तथा व्यावसायीक तालिम परिषद् CTEVT संगको सम्बन्धनमा वि.सं. २०७० सालदेखि तीन वर्षे प्रमाण-पत्र (PCL) अकुपञ्चर स्वास्थ्य विषयको कक्षा सञ्चालन गर्दै आइरहेको सहर्ष जानकारी पनि यसै पुस्तिका मार्फत गराउन पाएकोमा मलाई खुशी लागेको छ।

धन्यवाद !

## संरक्षकको कलमबाट



सुश्री मासाको यामाने
संरक्षिका
RHESC

विगत ३२ वर्षदेखि यस ग्रामीण स्वास्थ्य शिक्षा तथा सेवा केन्द्र गोकर्ण, दक्षिणढोकामा अकुपञ्चर एवं अन्य स्वास्थ्य सेवाहरु दिदै आइरहेको र अहिले विद्यार्थीहरु पनि उत्पादन गरिरहेकाले धेरै खुशी लागेको छ। प्राविधिक शिक्षा अत्यन्त उपयोगी भएकोले जति सक्दो सबैलाई पढ्नको लागि आव्हान गर्दछु।

धन्यवाद !

## अध्यक्षको कलमबाट



बिमल पौड्याल
अध्यक्ष
RHESC AAM College
व्यवस्थापन समिति

अकुपञ्चर पद्धति बिश्वमा एउटा अति भरपर्दो बैकल्पिक स्वास्थ्य सेवाको रुपमा बिकास भैरहेको छ भने यो उपचार चीन, जापान, अमेरिका लगायत बिभिन्न देशहरुमा बढ्दो आकर्षणको रुपमा बिस्तार भई रहेको छ । हाम्रो जस्तो न्यून आय भएका जनसंख्याले ओगटेको भौगोलिक बिबिधता भएको देशमा आधुनिक उपचार पद्धति (Allopathy) बढी खर्चिलो र यसबाट हुने अनगिन्ति नकारात्मक असरहरु हुँदा हुँदै पनि उपचार लिन बाध्य हुनु परेको सन्दर्भमा देशमा यो पद्धतिको बिकास गरि बैकल्पिक सेवा दिन अति आवश्यक भएको हामी सबैले महसुस गरेएका छौं ।

अकुपञ्चर कलेजको माध्यमबाट यो सेवा दिने जनशक्तिको बिकास गरि देशमा सर्व सुलभ बैकल्पीक स्वास्थ्य सेवा उपलब्ध गराउने यस ग्रामीण स्वास्थ्य शिक्षा तथा सेवा केन्द्रको उदेश्य रहेको छ । देशको आवश्यकता अनुरुप बढी भन्दा बढी व्यक्तिले यो बिषयमा अध्ययन गरि आधुनिक चिकित्सा पद्धतिबाट निको हुन नसकेका तथा दीर्घ रोगका कारण दुखः कष्ट भोगिरहेका देशका दुरदराजमा रहेका व्यक्तिहरुलाई राहत दिन सकिने आशा गर्न सकिन्छ । यसर्थ, एस.ई.ई. परीक्षा उत्तीर्ण गरि प्राविधिक बिषय पढ्न इच्छा भएका बिद्यार्थीहरुलाई अन्य बिषयको दाँजोमा यो बढ्दो माग भएको बिषय पढ्न र देशको सेवा गर्नका लागि अनुरोध गर्न चाहन्छु ।

## प्रिन्सिपलको कलमबाट



डा.मञ्जु दाहाल
प्रिन्सिपल
RHESC AAM College

अकुपञ्चर उपचार पद्धती चिनिया औषधी विज्ञानबाट विकशित वैकल्पीक उपचार मध्येको एक हो । यसको लोकप्रियता विश्वमै दिनानु दिन बढ्दो छ । यस विधिबाट अहिलेको आधुनिक चिकित्सा पद्धतीबाट निको नहुने रोगहरु मुख्य गरेर हाडजोर्नी, नशा सम्बन्धी रोगहरु, बाथ, पक्षघात, ढाडकम्मर दुख्ने, अनिन्द्रा, लागु पदार्थ दुर्व्यशनी जस्ता रोगको उपचार सहज भएको छ ।

नेपालको संविधानले समेत वैकल्पीक उपचार पद्धतीलाई संबोधन गरेको र राष्ट्रिय स्वास्थ्य नीति भीत्र पनि समावेश भई सकेको अवस्था छ ।

म पनि यस पेशामा विगत ३० वर्षदेखि संलग्न भई यसको प्रभावकारीतालाई धेरै नै अनुभव गरिसकेको छु । हाम्रो जस्तो विकाशोन्मुख देशमा सस्तो, सुहाउँदो भएकोले रोजगार मुलक शिक्षाको रुपमा विकास गरी युवा जनशक्तिलाई पलायन हुनबाट रोक्न, शिपमुलक शिक्षाको रुपमा विकाश गर्ने उद्देश्यले २०७० सालमा काठमाडौं, जोरपाटी, दक्षिणढोकामा अकुपञ्चर कलेजको स्थापना सेवा केन्द्रले गरेको हो । यस उपचार सम्बन्धमा जनचेतना विस्तार गर्नु पनि त्यत्तिकै आवश्यक भएकोले यो प्रकाशित सामग्री उपयोगी हुने विश्वास लिएको छु ।

## संस्था तथा अकुपञ्चर उपचार पद्धति एक परिचय



स्वास्थ्य सेवा तथा स्वास्थ्य शिक्षा दिने उदेश्यले वि.सं. २०४३ सालमा संस्था स्थापना गरी अकुपञ्चर लगायत विभिन्न विषयको सेवा दिंदै आइरहेको यस सेवा केन्द्र आ.व.२०५१/०५२ मा जिल्ला प्रशासन कार्यालय काठमाडौंमा दर्ता भई निरन्तर रुपमा स्वास्थ्य क्षेत्रमा सेवा पुऱ्याउँदै आइरहेको एक विशुद्ध नाफा रहित सामाजिक संस्था हो।

यस संस्थाको विभिन्न उदेश्य मध्ये एक महत्वपूर्ण उदेश्य हो नेपालमा अकुपञ्चर स्वास्थ्य शिक्षाको तहगत रुपमा विकास गर्ने। CTEVT बाट सम्बन्धन प्राप्त गरी आ.व.२०७०/०७१ सालको शैक्षिक सत्रदेखि प्रमाण-पत्र तहको तिन वर्षे अकुपञ्चर स्वास्थ्य विषयको कोर्ष शुरु गरिएको हो।

## अकुपञ्चर *(Acupuncture)*



अकुपञ्चर उपचार पद्धति २७०० बि.सी. को परम्परागत चिनियाँ औषधिविज्ञानबाट विकसित अनेक उपचारपद्धति मध्येको एक विश्वसनीय र प्रभावकारी चिकित्सा पद्धति हो। अकुपञ्चर शब्द अकुस र पंगस दुई शब्द मिलेर बनेको हो। 'अकुस' को अर्थ सियो हो भने 'पंगस' को अर्थ शरीरमा छिद्रा पार्नु हो। यस प्रक्रियाको विग्रहात्मक अर्थ नै अकुपञ्चर हो भने सियोद्वारा शरीरमा प्वाल पारेर उपचार गर्ने पद्धतीलाई अकुपञ्चर भनिन्छ। चीनमा करिब ५००० वर्ष पहिले सुरु भएको यो पूर्वीय (Oriental) पद्धतिको उपचार विधि आज विश्वका विकसित र विकासोन्मुख मुलुकहरुमा अत्यन्त सफलताका साथ विकसित बन्दै गएको छ। यस परम्परागत उपचार विधिले पूर्वीय र पश्चिमी मुलुकहरुमा एक फरक पहिचान कायम गर्दै लोकप्रिय बन्दै गइरहेको छ।

आजको एक्काइसौं शताब्दीमा रोगको उपचार मात्र आधुनिक औषधि सेवनले सम्भव नरहेकोले आधुनिक तथा परम्परागत उपचार पद्धति बीचको अन्तरलाई यस उपचार पद्धतिबाट सेवा गर्न सकिन्छ। यस उपचार पद्धतिका सम्बन्धमा नयाँ नयाँ वैज्ञानिक तथा अधुनिक अध्ययन, अनुसन्धान दिनानुदिन भइरहेको छ। अनुसन्धानबाट निस्केको निष्कर्षलाई उपयोगमा ल्याइ यस पद्धतिको उपचारबाट सयौं रोगहरुको सफल उपचार पनि भइरहेको छ। यसरी विश्वसनीय र प्रभावकारी उपचारपद्धतिका रुपमा विश्वप्रसिद्ध बन्न पुगेको अकुपञ्चर पद्धतिलाई विश्व स्वास्थ्य संगठन (WHO) ले मान्यता दिइसकेको छ।

## अकुप्रेसर *(Acupressure)*



अकुप्रेसर उपचार विधी अकुपन्चर अन्तर्गतको सहायक उपचार पद्धति हो । यस उपचार पद्धतिमा अकुपन्चरको जस्तै अकुप्वाइन्ट (बिन्दु) हरुमा औँला, हत्केला आदिले थिची उपचार गरिन्छ । यस उपचारपद्धतिले शरीरलाई चङ्गा र फुर्तिलो बनाउँछ । यस पद्धतिमा प्रेसर गर्ने विभिन्न तरिकाहरु हुन्छन् । बिरामीको शारीरिक बनावटलाई ध्यानमा राखी थिच्ने तथा उपकरणको सहयोग लिएर पनि उपचार गर्न सकिन्छ । यो पद्धति बाट विभिन्न रोगको सफल उपचार हुन्छ साथै मानसिक तथा शारीरिक तनावबाट मुक्त हुन पनि यो उपचार पद्धति अपनाउन सकिन्छ ।

## मोक्सिब्युसन *(Moxibuation)*



मोक्सिब्युसन उपचारपद्धति परम्परागत चिनिया औषधिविज्ञानबाट विकसित एक प्रभावकारी चिकित्सा पद्धति हो । यसलाई पनि अकुपन्चर जतिकै महत्वपूर्ण र विश्वसनीय उपचार पद्धतिको रुपमा मानिन्छ । अन्य औषधिको प्रयोग नै नगरी कम खर्चिलो, दुष्प्रभावविहीन, छिट्टै उपचार गर्ने पद्धतिको रुपमा विकसित गरिएको हुन्छ । यस उपचार पद्धतीले एक प्रकारको ताप दिई पिसोबाट मुक्त गर्न अपनाउने उपचार पद्धतीको रुपमा पनि लिइन्छ ।

## कपिङ *(Cupping)*



कपिङ भनेको सिसाको गिलास जस्तो आकृतिको वस्तु दुखेको वा सुन्नीएको ठाउँको छालाको माथिल्लो तहमा राखी प्रेसर दिई भ्याकुम उत्पन्न गरी उपचार गर्ने विधि हो । यो प्राय: जसो हात खुट्टा, ढाड, कुम पाता आदि दुखेको ठाउँमा प्रयोग गरिन्छ । यो उपचार पद्धतिपछि फोक्सोका रोग दम (Asthma) लगायतको रोगको पनि उपचार गर्न सकिन्छ । Cupping ले खराब रगत निकाल्नुको साथै रगत जमेर सुन्नीने, दुखेको भागमा पनि आराम गराउँदछ । यो पनि बिरामीको अवस्था हेरी विभिन्न तरिकाबाट प्रयोग गर्न सकिन्छ ।

## फिजियोथेरापी (*Physiotherapy*)

यो एक प्रकारको शारीरिक कसरत हो। यो शारीरिक कसरत रोगको प्रकृति र विरामीको समस्या हेरेर गर्न सकिन्छ। यो शारीरिक कसरत पनि हल्का र कडा गरी दुई थरिका हुन्छन्। खासमा विरामीको समस्या हेरेर बिहान बेलुकी हल्का र कडा किसिमको कसरत गर्नुपर्ने हुन्छ। यस किसिमको कसरतको मूल काम भनेको शरीरभित्रको हाडजोर्नी र कडा भएका मासुलाई चलायमान बनाउने हो। पक्षघात भएका विरामीले चाही हात खुट्टा, शरीर र औंलाको कसरत विभिन्न ढंगले गर्नुपर्दछ। यसरी कसरत गर्दा आवश्यक परेको सामग्री वा कसरत उपकरण प्रयोग गर्न पनि सकिन्छ।

## हिटथेरापी (*Heat Therapy*)

यो शरीरमा रहेको चिसो ओस हटाउन र दुखेको ठाउँमा आराम दिन दुखेको ठाउँका बाहिरपट्टि तातो वस्तु राखिदिने उपचार प्रक्रिया Heat Therapy हो। यसको तापले शरीर भित्र रहेको चिसो ओस हटाउनु हो। यस उपचार पद्धतिका सहयोगी साधनहरु Hot bag, Iron, Steam therapy, Infrared light आदि हुन्।

## *Electro Stimulator/Vibrator*

यो उपचारपद्धति भनेको शरीरका विभिन्न विन्दुहरुमा मसिना सियोहरु राखी विद्युतीय करेन्ट पठाउने प्रक्रिया (Electro Stimulator/Vibrator) हो। यस पद्धतिबाट विभिन्न शरीर सम्बन्धी रोगहरु निको पार्ने सियोको Handle मा Electric stimulator/vibrator को output लगाई विरामीले सहन सक्ने गरी तरङ्ग दिइन्छ। खासगरी पक्षघात, मांसपेसी तथा जोर्नीको दुखाई साथै नसा सम्बन्धी रोगहरुको उपचारमा प्रयोग गरिन्छ। यो अकुपञ्चरकै विकसित र प्रभावकारी रुप हो।





## अन्य जानकारी

यो विषय इच्छुक, जेहेन्दार, नियमित, परिश्रमी, लगनशील, अध्ययनशील, सेवामुखि, राष्ट्रप्रेमी, योग्य (विज्ञान, अंग्रेजी, म्याथ लिई ४0%ले SEE/SLC मा उत्तिर्ण भएको) छात्रछात्राको लागि सुवर्ण मौका हो ।

3-Yr. PCL/Certificate Level आधारभूत शिक्षा (परिभाषित, अर्थपूर्ण शिक्षा) काठमाडौं, गोकर्णेश्वर नगरपालिकाको दक्षिणढोकामा अवस्थित Rural Health Education and Service Center (ग्रामीण स्वास्थ्य शिक्षा तथा सेवा केन्द्र) ले प्राविधिक शिक्षा तथा व्यवसायिक तालिम परिषद् (CTEVT) बाट वि.सं. २०७० साल भाद्र महिनामा सम्बन्धन प्राप्त गरी सोही वर्षदेखि नेपालमा पहिलो पटक स्वास्थ्य विज्ञानमा अकुपञ्चर, अकुप्रेसर तथा मोक्सिब्यूशन शिक्षा कार्यक्रम 3-Yt. PCL/Certificate Level आधारभूत शिक्षा (परिभाषित, अर्थपूर्ण शिक्षा) को शुरुवात गर्‍यो र संचालन क्रममा हालसम्ममा पाँचौ ब्याचका विद्यार्थीहरु पहिलो वर्षमा अध्ययनरत छन् भने पहिलो ब्याचका ९३% छात्रछात्राले विशिष्ट (८0% भन्दा बढी) अंक ल्याई उत्तिर्ण भएका छन् भने बाँकीले माथिल्लो प्रथम श्रेणीमा उत्तिर्ण गरे । यस सेवा केन्द्रको संयोजनमा दोस्रो चरणको स्तरोन्नती गरी उच्च शिक्षा (विवरणात्मक, सैद्धान्तिक, प्रयोगात्मक, वैज्ञानिक स्वास्थ्य शिक्षा) (MBBS सरहको 5th Yr. Acupuncture, Acupressure & Moxibustion (BAAM) कार्यक्रम शुरु गर्न गईरहेका छौं ।

## अकुपञ्चर उपचारका विषेशताहरु :

- अकुपञ्चर उपचार विधि एक सफल वैज्ञानिक चिनिया औषधी विज्ञान जुन हाल विश्वमा लोकप्रिय हुँदै गइरहेको छ ।
- अकुपञ्चर उपचार विधिको समायोजन अकुप्रेशर, तापमान, पोषण, जडीबुटि, खेलकुद आदि संग गर्दा यसको सफलता दर उच्च रहेको विभिन्न तथ्यहरुले पुष्टि गरिसकेको छ ।
- प्रायः सम्पूर्ण रोगहरु जस्तै दीर्घरोग, पक्षघात र अन्य आधुनिक चिकित्सकहरुबाट प्रेषित रोगहरु
- सरकारी तथा गैह्रसरकारी स्वास्थ्य संस्था/क्लिनिक/अस्पतालमा स्थापना गर्न सकिने
- उच्च शिक्षा हासिलगरी स्वास्थ्य सेवामा टेवा पुर्‍याउन सकिने
- शिक्षामा स्तरोन्नतीको मौका जस्तै : BAAM, MA, PHD अध्ययनको अवसर
- अकुपञ्चर उपचारको सफलता र विश्वमा विस्तारित अवस्था
- अकुपञ्चर उपचारको लोक अपेक्षा तथा मागको प्राथमिकता
- अकुपञ्चर उपचार सेवामा परिमार्जित चरणवद्ध शैक्षिक उन्नतिको आवश्यकता?







## उपलब्धि

स्वास्थ्य विज्ञानमा अकुपन्चर, अकुप्रेशर र मोक्सिव्युसन शिक्षा कार्यक्रमको 3-Yr. PCL/Certificate Level आधारभूत शिक्षा उत्तीर्ण गरे पश्चात नेपाल स्वास्थ्य व्यवसायी परिषद्मा रजिष्टर्ड भएर लाइसेन्स (काम गर्ने अनुमति पत्र) लिएर अकुपन्चर सेवा भएको सरकारी अस्पताल, संघ संस्था, सहकारी वा अन्य प्राइवेट अकुपन्चर, अकुप्रेशर तथा मक्सिव्यूशन क्लिनिकमा काम गर्न सकिने र दुई वर्षको अनुभव पश्चात MBBS सरहको 5½-Yr. BSc मा BAAM, आयुर्वेदको BAMS वा BPH जस्तो स्नातक शिक्षातर्फ लाग्न सकिने।

## अकुपञ्चर, अकुप्रेशर र मोक्सिव्युसनद्वारा निको हुने केही रोगहरु

१. दुखाई सम्बन्धी रोगहरु जस्तै : Myalgia, Polymalgia, Joint Pain, Migraine Headache, Sinusitis, Toothache etc.
२. हाडजोर्नी सम्बन्धी रोगहरु :
   i. बाथका रोगहरु जस्तै : Different types of arthritis (Rheumatic, Rheumatoid Arthritis, Gout etc.)
   ii. हड्डी खिइएको कारणबाट हुने रोगहरु जस्तै : Spondylosis, Shoulder/Scapular pain, Leg pain, Neck stiffness etc.
३. नशा सम्बन्धी समस्याहरु जस्तै : Sciatica, Neuralgia, Trigeminal/Neuralgia, Neurologic, Numbness, Tingling sensation etc.
४. विभिन्न किसिमका पक्षघात सम्बन्धी रोगहरु
   i. Facial paralysis
   ii. Hemiplegia
   iii. Paraplegia
   iv. Quadriplegia etc.
५. स्त्रीरोग सम्बन्धी समस्याहरु जस्तै : Leucorrhoea, Amenorrhea, Irregular mensuration, Dysmonerrhoea etc.
६. छाला सम्बन्धी रोगहरु जस्तै : Urticaria, Eczema, Drug, Food allergy etc.
७. आँखा सम्बन्धी रोगहरु जस्तै : Myopia, Optic atrophy, Retinitis pigmentosa etc.
८. लागु पदार्थ दुर्व्यसनी सम्बन्धी समस्याहरु : Drug addiction, Alcoholism etc.
९. कस्मेटिक अकुपन्चर (अकुपन्चरको सहायताले चायापोतो, चाउरी हटाउने)
१०. अन्य समस्याहरु : Nocturnal enuresis, Insomnia, Epilepsy, Asthma etc.



## Course Structure

| First Year | Second Year | Third Year |
|---|---|---|
| English | Identification and Collection of Moxa plant | Moxa Collection and Processing |
| Nepali | Basic Theory of Oriental Medicine | Methods of Acupuncture and Moxibustion |
| Social Studies | Meridian and Acupoints | Acupuncture and Moxibustion Theraputics II |
| Anatomy & Physiology | Methods of Diagnosis in Acupuncture and Moxibustion | Health Care Systems and Management |
| Physics | Acupressure & Oriental Massage | Community Medicine |
| Chemistry | Acupuncture and Moxibustion Theraputics I | Community Field Practice |
| Zoology | Clinical Pathology | Clinical Practice |
| Botany | General Medicine | |
| Mathematics, Statistics & Computer Application | | |

## Fee & Payment

**3 Years PCL Level Course Complete Rs. 375000/-**

- **First Year: 40%**
  - 1st Installment 20%
  - 2nd Installment 20%
- **Second Year: 30%**
  - 1st Installment 15%
  - 2nd Installment 15%
- **Third Year: 30%**
  - 1st Installment 15%
  - 2nd Installment 15%

## भर्ना प्रक्रिया *(Admission Procedure)*

SEE परिक्षामा अंग्रेजी विषयमा न्युनतम B ग्रेड, विज्ञान विषयमा न्युनतम B ग्रेड र गणित विषयमा न्युनतम B ग्रेड सहित समग्रमा न्युनतम 2 GPA मा उत्तीर्ण भएका विद्यार्थीहरुले CTEVT ले लिने प्रवेश परिक्षाको लागि फारम भर्न पाउनेछन् र सो प्रवेश परिषमा नाम प्रकाशित भएमा नियमानुसार कलेजमा भर्ना हुन पाउनेछन् ।

## छात्रवृत्ति *(Scholarship)*

- CTEVT ले निर्धारण गरेको जेहेन्दार- १ जना र वर्गिकृत- ३ जनालाई छात्रवृत्ति उपलब्ध गराइनेछ ।
- जेहेन्दार विद्यार्थी द्वितिय स्थान हासिल गर्नेलाई २५% र तृतिय स्थान हासिल गर्ने लाई १५% छुटको व्यवस्था रहेको छ ।
- SLC/SEE मा ८0% वा सो भन्दा बढि / A ग्रेड वा सो भन्दा बढि ल्याउनेलाई भर्नामा विशेष छुटको व्यवस्था रहेको छ ।

## अकुपञ्चर चरढाबद्ध शैक्षिक उन्नति

**पहिलो चरण** : आधारभूत शिक्षा (परिभाषित, अर्थपूर्ण शिक्षा) -3-Yr. PCL/Certificate Level

**दोस्रो चरण** : स्नातक उच्च शिक्षा (विवरणात्मक सैद्धान्तिक शिक्षा) -$5^{10}$-Yr. BSc/Eq. MBBS

**तेस्रो चरण** : स्नातकोत्तर उच्च शिक्षा (विश्लेषनात्मक शिक्षा) -2-Yt. MSc/Equiv. MD/MD

**चौथो चरण** : पीएच.डी. शिक्षा (अनुसन्धानात्मक तथा प्रयोगात्मक दर्शन शिक्षा) (सफलतम्, सकारात्मक, विकासात्मक शिक्षा)

**पहिलो ब्याच (२०७३) का विद्यार्थीहरू**





**दोस्रो ब्याच (२०७४) का विद्यार्थीहरू**

## विद्यार्थी आवाज (*Student Voice*)



पहिलो ब्याच-२०७०

म यस ग्रामीण स्वास्थ्य शिक्षा तथा सेवा केन्द्रको पहिलो ब्याचको विद्यार्थी सीता बखेल हुँ। मैले यस कलेजमा तीन वर्षको PCL Level को अकुपन्चर शिक्षा उत्तिर्ण गरे र यसै कलेज मार्फत ३ महिनाको तालिमको लागि जापान जाने अवसर पाएँ। यतिमात्र नभएर मैले फेरी यसै विषयमा थप अथवा Bachelor को लागि पनि छात्रवृत्ति पाएँ। म यस कलेजप्रति एकदमै आभारी छु। जुन मैले अरु कुनै कलेज वा विषय पढेको भए ममा भएको ज्ञान र क्षमतालाई मैले सहि सदुपयोग गर्न पाउने थिएन र अवसरहरु पनि पाउने थिएन।

हाम्रो कलेजले हरेक वर्ष तेस्रो वर्षसम्मको अध्ययन पूरागरेको विद्यार्थीहरु मध्ये मेहेनती र जेहेन्दार, लगनशिल विद्यार्थीलाई जापनमा पनि तालिमको लागि पठाउँदै आइरहेको छ।

अकुपन्चर भनेको कुनै पनि औषधीको प्रयोग नगरी शरीरमा भएको रोग वा समस्याहरुलाई स-साना सुई (Needle) को माध्ययमबाट उपचार गर्ने पद्धतिलाई अकुपन्चर भनिन्छ। छोटकरीमा भन्ने हो भने हाम्रो शरीरमा भएको बिन्दुहरुमा सुई राख्ने भन्ने बुझिन्छ। अन्त्यमा SEE दिइसकेपछि के पढ्ने भन्ने सोचेर बसिरहनु भएका साथीहरुलाई एकपटक अवस्य पनि अकुपन्चरको वारेमा बुझ्नुहोस। भविष्यमा कता लाग्ने त्यो निर्णय तपाईहरुकै हातमा भएकोले जुन विषय भविष्यमा व्यवहारिक, व्यवसायिक छ त्यहि विषय मात्रै लिनुहोला। पछि पछुताउनु भन्दा अगाडि नै सोचेर सहि निर्णय गर्नुहोस् भन्न चाहन्छु।



धनमाया पाख्रिन
दोस्रो ब्याच-२०७१

नमस्कार, म धनमाया पाख्रिनको तर्फबाट सम्पूर्णमा आफ्नो भनाई राख्न पाउँदा असाध्यै हर्षित छु। नेपालमै रहेर आफ्नै गाउँ शहरमा स्वास्थ्य सेवा दिने मेरो रहर थियो भने पढाईको सिलसिलामा कुन चाहि स्वास्थ्य विषय लिने भनेर भौतारिदै हिडेकी थिए तर आज अकुपन्चर विषय नै मेरो गन्तव्य बिन्दु बन्न पुगेको छ।

अकुपन्चर जस्तो राम्रो विषय नेपालमा भित्रिनु गर्वको विषय हो भन्ने ठान्दछु। अनेकौं उपचार विधि मध्येको एक अकुपन्चर उपचार पनि हो। यो विषय नेपालको लागि नौलो लागेता पनि, कतिले नाम नसुनेता पनि हाल आएर एक राम्रो उपचारको रुपमा स्थापित भइरहेको छ। विभिन्न अस्पतालले पनि यस पढाईका जनशक्तिहरु खोजिरहेका छन्। विदेशमा गएर पढ्नु पर्ने विषय हाम्रो आँगनमा नै आएको छ, मौका नगुमाउनुस् भन्न चाहन्छु। मैले यसै कलेजबाट PCL Level को अकुपन्चर शिक्षा उत्तिर्ण गरिसकेको छु भने हाल म "अन्नपूर्ण न्यूरो अस्पतालमा" कार्यरत छु। यस उपचार विधिलाई विभिन्न अस्पतालले विस्तार गरिरहेको छ। यो हाम्रो लागि खुशीको कुरा हो। अध्ययनको क्रममा कुन विषय अध्ययन गर्ने भन्ने दोधारमा हुनुहुन्छ भने राम्रो शिक्षाको साथमा रोजगारको अधिकतम अवसर भएको विषयलाई रोज्नुस् र यसको लागि अकुपन्चर विषय अत्यन्तै राम्रो रहेको पनि आफ्नो धारणा राख्न चाहन्छु। नेपालको लागि नेपाली जनशक्ति उत्पादनका निमित्त लागि पर्नु भएका ग्रामीण स्वास्थ्य शिक्षा तथा सेवा केन्द्रका सम्पूर्ण गुरु वर्गमा मेरो नमन।

धन्यवाद!

## For More Infromation

# ग्रामीण स्वास्थ्य शिक्षा तथा सेवा केन्द्र

## RURAL HEALTH EDUCATION AND SERVICE CENTER (RHESC)

Gokarna, Dakshindhoka, Gokarneshwor Municipality-7, Kathmandu, Nepal
Contact: 01-5134285/4912657, 9841285720, 9841259917
Email: rhescnepal@gmail.com, www.rhesc.org

---

## A COLLEGE OF

## ACUPUNCTURE, ACUPRESSURE & MOXIBUSTION